# सुनवर्षी नगरपालिकाको दोश्रो नगर सभाबाट पारित भएका निति, निर्णय तथा कार्यक्रमहरु :

१. प्रदेश बाट प्राप्त हुने अनुदान , आन्तरिक श्रोत रकम,विभिन्न निकायबाट प्राप्त हुने ऋण तथा अनुदान, सडक बोर्डबाट प्राप्त हुने अनुदान घटी बढी भएमा थप संशोधन तथा समायोजन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

२. संघ तथा प्रदेश सरकारबाट नगरपालिकाले छनौट गरेका योजनामा रकम निनियोजन गरेमा सो को संशोधन र समायोजन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

३. आगामी ३ वर्षमा नगरपालिकाका ५३ कि.मि.सडक कालो पत्रे गर्ने ।

४. नेपाल सरकारको एक स्थानिय तह एक अस्पताल (१५ शैय्या ) लक्ष्य अनुरुप यस नगरपालिकामा सुविधा सम्पन्न अस्पताल निर्माणका लागि संघ / प्रदेश सरकार तथा दातृ निकाय सँग माग गर्ने ।

५. अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदानको लागि वडा नं. ७ मा पर्ती जग्गाको लगत संकलन गरी DPR निमार्ण गरी संघ र प्रदेश सरकार सँग योजना माग गर्ने ।

६. बेरोजगारहरुको लगत संकलन गरी अद्यावधिक गर्ने ।

७. आधुनिक कृषि प्रविधि अवलम्बनका लागि अध्ययन अनुसन्धान गर्ने र कृषि उपज क्षेत्र (जोन ) छुट्याएर सोही बमोजिम कृषि योजना , सामुहिक खेती तथा सहकारी खेती लाई बढावा दिने ।

८. भू उपयोग निति बमोजिम नगरपालिका क्षेत्रमा शहर ,वन, सडक, बसोबास क्षेत्र , खेती योग्य जग्गा , अद्योगिक क्षेत्र आदीमा सेट ब्याक निर्धारण गरेर सुन्दर , सफा र सुरक्षित नगरको पुर्वाधार विकास गर्ने ।

९. सिप विकास प्रशिक्षण केन्द्र स्थापना गरी बर्षभरी निरन्तर रुपमा सिप प्रक्षिण कक्षा संचालन गर्ने तथा केन्द्रमा सिर्जित शिप (बस्तु) लाई सोही स्थानमा विक्री केन्द्र स्थापना गरेर आय आर्जन मूलक कार्यक्रम संचालन गरी रोजगारी सृजना गर्ने ।

१०. कृषि तथा व्यापार मेलाको आयोजना गर्ने ।

११. होमस्टे होटल व्यवसायको लागि तालीम तथा अभिमुखिकरण गोष्ठी संचालन गर्ने ।

१२. वडा , प्रदेश , संघ र अन्य निकाय संग साझेदारी गरी विकास निर्माण कार्य संचालन गरिने छ ।

१३. प्रत्येक वडामा प.से.प्रा ,कृषि प्राविधिक , प्रहरी चौकी , स्वास्थ्य चौकी स्थापना गरिदै लगिने छ ।

१४. न.पा .क्षेत्र भित्रका विद्यालयहरुमा गुणस्तरिय शिक्षा का लागि विद्यार्थीको चाप , आर्थिक तथा भौतिक अवस्थाको आधारमा शिक्षक तथा विद्यालय व्यवस्थापन लाई सवल र सक्षम बनाउनका लागि उपयुक्त विधि र प्रकृया अवलम्बन गरिने छ ।

१५. नगरका ३६ वटै विद्यालयहरुमा नर्सरी र के.जी.का विद्यार्थीहरुलाई अँग्रेजी माध्यमबाट शिक्षा दिन कक्षा संचालन भै रहेकोमा यस लाई निरन्तरता दिदै प्रत्येक वर्ष कक्षा थप गरिदै लगिने छ ।

१६. छिमेकी न.पा. संगको सहकार्यमा दमकल संचालन गर्न आवश्यक निर्णय गर्न कार्यपालिका लाइ अधिकार प्रत्यायोजन गर्ने ।

१७. नगर प्रहरीको गठन , नियमन , कार्यान्वयन गर्नका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

१८. साझेदारीमा भईरहेको विकास निर्माणका कार्य (पिपल चौक देखि  राधाकृष्ण मन्दिर दक्षिण वडा नं.६ सिमाना सम्मको बाटो निर्माण कार्यलाई निरन्तरता दिने ।

१९. बक्राहा नदीको पानी लाई सिचाई प्रयोजनका लागि उपयोगका निमित्त सम्म्भाव्यता अध्ययन गरिने ।

२०. आ.व. ०७४।०७५ मा संचालन भएका योजनाहरु मा भएको खर्च तथा विभिन्न मितिमा कार्यपालिकाको निर्णयबाट भए गरेका खर्च रकमहरु खनुमोदन गरियो ।

२१. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत कामकाज गरीराखेका सामाजिक परिचालकहरु लाई कम्प्युटर अपरेटर पदमा समायोजन गरी आन्तरिकीकरण गरिने निर्णय गरियो ।

२२. हाम्रो नगरपालिका अर्न्तगत क्रमशः वडा नं. १,३,४,६ र ८ गरी जम्मा ४ वटा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिने छ ।

२३. यस नगरपालिकाको वडा नं. १ र ६ मा लागु भएको सुनवर्षी सुरक्षित आमा कार्यक्रम आउदो आ.व. देखि सम्पुर्ण वडामा लागु गरिने छ ।

२४. सर्ने रोग तथा नसर्ने रोग सम्बन्धि विशेष कार्यक्रम समावेश गरिएको छ ।

२५. प्रत्येक वडामा खोप तथा गाउँ घर क्लिनिक को विस्तार गरिने छ ।

२६. पुर्ण खोप लगाएका बच्चाहरुलाई विशेष उपहार कार्यक्रम ल्याइएको छ ।

२७. यस नगर भित्र रहेका कुपोषण भएका बच्चाहरुलाई खोजी उपचारमा ल्याई बाल मृत्युदर कम गरिने छ ।

२८. स्वास्थ्य विमाको जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

२९. निः शुल्क उपचार हुने रोगहरुको सिफारिश सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

३०. आ.व. ०७५।०७६ का लागि वडाको चालु तर्फको विनियोजित रकम बाँडफाँड गने कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

३१. नगर सभामा बजेट भाषण प्रस्तुत गर्न कानून बमोजिम तोकिएको कार्यपालिका सदस्य लाई रु २५०००।०० पारिश्रमिक दिने निर्णय गरियो ।

३२. प्रदेश सरकारको निर्णय तथा संघिय सरकारको निति अनुरुप यस नगरपालीकाको जनप्रतिनिधिहरुलाई देहाय बमोजिम २०७४ श्रावण देखि मासिक पारीश्रमिक दिने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख | रु.४५०००।०० |
| नगर उपप्रमुख | रु.३५०००।०० |
| वडाध्यक्ष | रु.२५०००।०० |
| कार्यपालीका सदस्य | रु.१२०००।०० |
| वडा सदस्य | रु.७०००।०० |

३३. बजेट निर्माण प्रकृयामा संलग्न हुनु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई यागदानका आधारमा जनही रु.२०००।०० देखि रु.२००००।०० सम्मको रकमले पुरष्कृत गर्ने निर्णय गरियो ।

३४. संघ, प्रदेश, दातृ निकाय, संस्था सँग समन्वय गरी विभिन्न योजना परीयोजना संचालन गर्न तथा लगानी भित्र्याउन कार्यपालीकाका सदस्यहरु मध्येबाट र आवश्यक सल्लाह सुझावका लागि बिशेषज्ञ समेत राखी ४ सदस्यीय एक्शन कमिटि गठन गर्ने र सो का लागि एकमुष्ठ रु. ३०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

३५. अन्तर नगरस्तरिय मेयर कप क्रिकेट टुर्नामेण्ट प्रतियोगिता आयोजना गर्ने तथा सो का लागि रु. ५०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

३६. नगरपालीका भित्र प्राविधिक शिक्षालय स्थापना तथा संचालन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय गर्न कार्यपालीकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।